# कोशी प्रदेशको आर्थिक बुलेटिन

आ.व.२०८०/८१ (वर्ष-१, अंक-३) असार, २०८१

प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
कोशी प्रदेश, विराटनगर



## सम्पादकीय

गत आर्थिक वर्षको जेष्ठ महिनासम्मको खर्चको तुलनामा चालु आर्थिक वर्ष २०८०/८१ को जेष्ठ महिनासम्मको प्रदेश सरकारको खर्चमा कमी आएको छ। संघबाट प्राप्त हुने अनुदान लक्ष्य अनुसार प्राप्त नहुँदा प्रदेशको समग्र आयमा कमी भएको छ। राजस्व संकलनको अनुपातमा संघबाट वित्तीय समानीकरण अनुदान प्राप्त हुने भएकोले प्रदेशको आयमा गत वर्षको तुलनामा न्यून भएको हो।

आर्थिक मामिला तथा योजना मन्त्रालयबाट **मासिक रुपमा** आर्थिक बुलेटिन प्रकाशन गरिनेछ। प्रदेशको समग्र आम्दानी र मन्त्रालयगत खर्चको विवरण साप्ताहिक र मासिक रुपमा प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगरको वेवसाइट pfco.koshi.gov.np मार्फत सार्वजनिक गरिएको छ।

प्रकाशन तथा सम्पादन
वित्तीय क्षेत्र व्यवस्थापन तथा आर्थिक महाशाखा

## प्रदेशको वर्तमान आर्थिक परिदृश्य

### कोशी प्रदेशको सरकारी खर्च

१. आर्थिक वर्ष २०८०/८१ को जेष्ठ महिनासम्म कोशी प्रदेश सरकारको कुल खर्च गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १०.५ प्रतिशतले कमी भई रु.२० अर्ब १७ करोड ९ लाख खर्च भएको छ। कुल खर्च मध्ये चालु खर्च रु.६ अर्ब ८७ करोड ३७ लाख, पूँजीगत खर्च रु.१० अर्ब ६ करोड ८९ लाख र स्थानीय तह अनुदान रु.३ अर्ब २२ करोड ८३ लाख रहेको छ।

**तालिका (क) पछिल्लो तीन वर्षको जेष्ठ मसान्तसम्मको खर्च स्थिति (रु.लाखमा)**

| बजेट शीर्षक/आ.व. | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
|---|---|---|---|
| चालु खर्च | ६८७८९ | ७५७०७ | ६,८७,३७ |
| पूँजीगत खर्च | १०४०३५ | ११७७०७ | १०,०६,८९ |
| स्थानीय तह अनुदान | ३३२६२ | ३१९२१ | ३,२२,८३ |
| जम्मा खर्च | २०६०८६ | २२५३३५ | २०,१७,०९ |
| विनियोजनको तुलनामा खर्च % | ५९.६% | ५६.५% | ५४.८% |

*स्रोत:-प्रदेश लेखा नियन्त्रक कार्यालय।*

२. आर्थिक वर्ष २०८०/८१ को जेष्ठ मसान्तसम्म प्रदेश सरकारको कुल खर्चमध्ये सबै भन्दा बढी जेष्ठ महिनामा रु.४ अर्ब २९ करोड ६ लाख खर्च भएको छ भने सबैभन्दा कम खर्च श्रावण महिनामा भएको छ।

**तालिका (ख) चालु आर्थिक वर्षको प्रदेश सरकारी खर्चको मासिक विवरण (रु.लाखमा)**

| महिना | चालु खर्च | पूँजीगत खर्च | स्थानीय तह अनुदान | जम्मा मासिक खर्च | खर्च भार % |
|---|---|---|---|---|---|
| श्रावण | १८७ | ० | ० | १८७ | ०.१ |
| भदौ | १७१८२ | ३४० | ० | १७५२२ | ८.७ |
| असोज | ८२९७ | ८२३२ | ६५७२ | २३१०१ | ११.५ |
| कात्तिक | ३२४६ | ५१८३ | २९८ | ८७२७ | ४.३ |
| मंसिर | ४३४१ | ४५९६ | ३३१ | ९२६८ | ४.६ |
| पुष | १८६९ | ३१७५ | २३८६ | ७४३० | ३.७ |
| माघ | ८६३४ | १३६९५ | ३७०५ | २६०३४ | १२.९ |
| फाल्गुन | ४३८४ | १००८७ | ४३४२ | १८८१३ | ९.३ |
| चैत्र | ६६३३ | १५६०२ | ३३१४ | २५५४९ | १२.७ |
| बैशाख | ६५८६ | १३८७० | १७१६ | २२१७२ | ११.० |
| जेष्ठ | ७३७८ | २५९०९ | ९६१९ | ४२९०६ | २१.३ |
| जम्मा | ६८७३७ | १००६८९ | ३२२८३ | २०१७०९ | १००.० |

*स्रोत:-प्रदेश लेखा नियन्त्रक कार्यालय।*

३. आ.व.२०८०/८१ को जेष्ठ मसान्तसम्मको अवधिमा चालु, पूँजीगत र स्थानीय तह अनुदान तर्फको खर्च कायम बजेटको क्रमशः ५४ प्रतिशत, ४९.३ प्रतिशत र ८७.९ प्रतिशत खर्च भएको छ। गत आ.व.२०७९/८० को जेष्ठ मसान्तसम्म चालु, पूँजीगत र स्थानीय तह अनुदान तर्फको खर्च क्रमशः ६०.६ प्रतिशत, ५०.५ प्रतिशत र ७८.१ प्रतिशत भएको थियो।

**तालिका (ग) पछिल्लो तीन वर्षको बजेट विनियोजन र जेष्ठ मसान्तसम्मको खर्च स्थिति (रु.लाखमा)**

| बजेट शीर्षक | आ.व.२०७८/७९ | | | आ.व.२०७९/८० | | | आ.व.२०८०/८१ | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | विनियोजन | खर्च | प्रगति % | विनियोजन | खर्च | प्रगति % | विनियोजन | खर्च | प्रगति % |
| चालु खर्च | १२४१९८ | ६८७८९ | ५५.४ | १२४९७६ | ७५७०७ | ६०.६ | १२७२२५ | ६८७३७ | ५४.० |
| पूँजीगत खर्च | १८०५४४ | १०४०३५ | ५७.६ | २३२८८८ | ११७७०७ | ५०.५ | २०४१२१ | १००६८९ | ४९.३ |
| स्थानीय तह अनुदान | ४०८६८ | ३३२६२ | ८१.४ | ४०८६७ | ३१९२१ | ७८.१ | ३६७४५ | ३२२८३ | ८७.९ |
| वित्तीय व्यवस्था | ३०० | ० | - | ० | ० | | १०० | ० | - |
| जम्मा | ३४५९१० | २०६०८६ | ५९.६ | ३९८७३१ | २२५३३५ | ५६.५ | ३६८१९१ | २०१७०९ | ५४.८ |
| सुरु बजेट | ३२४६९२ | | | ३९७३८३ | | | ३६७४३५ | | |
| संघ सशर्त अनुदान थप (जेष्ठसम्म) | २१२१८ | | | १३४८ | | | ७५६ | | |

*स्रोतः आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालय*

## प्रदेश सरकारको आय

४. गत आर्थिक वर्ष २०७९/८० को ज्येष्ठ मसान्तसम्म कोशी प्रदेश सरकारको राजस्व र अनुदान रु.२६ अर्ब ९१ करोड ६४ लाख प्राप्ति भएकोमा चालु आर्थिक वर्ष २०८०/८१ को सोही अवधिमा यस्तो आयमा ५.३ प्रतिशतले कमी आई रु.२५ अर्ब ४८ करोड २ लाख (वार्षिक अनुमानको ७८.४%) प्राप्ति भएको छ।

**तालिका (ग) पछिल्लो तीन आर्थिक वर्षको जेष्ठ मसान्तसम्मको राजस्व र अनुदान प्राप्तिको स्थिति (रु.लाखमा)**

| आय शीर्षक | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
|---|---|---|---|
| संघीय राजस्व बाँडफाँटबाट प्राप्त (मू.अ.कर, अन्तःशुल्क र रोयल्टी) | ८९१३० | ७८३६२ | ८७६५४ |
| प्रदेशको आन्तरिक राजस्व (स्थानीय तहबाट बाँडफाँट भई प्राप्त हुने समेत) | ३५१७१ | ३३०९१ | ३४०१९ |
| संघ वित्तीय समानीकरण अनुदान | ८५६७८ | ७८८२२ | ६५०९७ |
| संघ सशर्त अनुदान | ५०१४३ | ६४९३९ | ५३१३२ |
| संघ समपूरक अनुदान | ७८०४ | ९२०० | ७३०० |
| संघ विशेष अनुदान | ५९३३ | ४७५० | ७६०० |
| जम्मा | २७१९०२ | २६९१६४ | २५४८०२ |

*स्रोतः-प्रदेश लेखा नियन्त्रक कार्यालय।*

५. आ.व.२०८०/८१ मा आन्तरिक राजस्वको वार्षिक लक्ष्य ४ अर्ब ५७ करोड ७८ लाख रहेकोमा जेष्ठ मसान्तसम्म रु.३ अर्ब ४० करोड १९ लाख (७४.३%) प्राप्ति भएको छ। यसैगरी संघीय राजस्व बाँडफाटको वार्षिक लक्ष्य रु.११ अर्ब ६४ करोड ८१ लाख रहेकोमा बैशाख मसान्तसम्म रु.८ अर्ब ७६ करोड ९८ लाख (७५.३%) र संघ अनुदान चारवटाको जम्मा रु.१६ अर्ब ११ करोड ७० लाख वार्षिक अनुमान रहेकोमा २०८१ जेष्ठ मसान्तसम्म जम्मा रु.१३ अर्ब ११ करोड २९ लाख (८१.४%) प्राप्ति भएको छ।

## राजस्व परिचालन

६. २०८१ जेष्ठसम्म संघीय राजस्व बाँडफाँट र प्रदेशको आन्तरिक राजस्व समेत गरी प्रदेश सञ्चित कोषमा रु.१२ अर्ब १६ करोड ७३ लाख **(वार्षिक लक्ष्यको ७५%)** राजस्व संकलन वा प्राप्ति भएको छ। राजस्व संकलनको मासिक विवरण हेर्दा चैत्र महिनामा सबैभन्दा बढी प्राप्त भएको देखिन्छ।

**तालिका (घ) आ.व.२०८०/८१ मा प्रदेश सञ्चित कोषमा राजस्व संकलनको मासिक विवरण (रु.लाखमा)**

| महिना/ शीर्षक | संघीय राजस्व बाँडफाँट | सवारी साधन कर | घरजग्गा रजिष्ट्रेशन शुल्क | चालक अनुमतिपत्र र यातायात क्षेत्रको आम्दानी | व्यवसाय रजिष्ट्रेशन दस्तुर | अनुदान/निकासा फिर्ता, बेरुजु | *स्थानीय तहबाट प्राप्त | अन्य राजस्व | जम्मा मासिक राजस्व |
|---|---|---|---|---|---|---|---|---|---|
| श्रावण | ० | ० | ० | ५७३ | ६५ | ११५१ | ६३ | १२२ | १९७४ |
| भदौ | ० | ९८० | ८३ | ४६१ | ५५ | २९५ | १ | ४१ | १९१६ |
| असोज | १३८३७ | ८५५ | ७२१ | ५०६ | ८२ | ४०४ | ६७ | १६० | १६६३२ |
| कात्तिक | ७५९८ | ० | ७५२ | ३३४ | ३१ | ७७ | ० | ६४ | ८८५६ |
| मंसिर | ५९७७ | १८५१ | ११९२ | ५२८ | ५९ | १७२ | ६ | १०० | ९८८५ |
| पुष | ७४५६ | ० | १४ | १४३ | १५ | ३९ | ० | ६७ | ७७३४ |
| माघ | ९२७६ | ३३४८ | ११०२ | ९२४ | १३८ | १३६ | ५३१ | ३३४ | १५७८९ |
| फागुन | १०४५६ | १२१४ | ६४४ | ५०४ | ६७ | २४७ | २६७ | २७१ | १३६७० |
| चैत्र | १५५८० | ११५५ | २२२५ | ५६४ | ९५ | १०८ | ३६ | ६०६ | २०३६९ |
| बैशाख | ८६७१ | २३३५ | ४७१ | ४७२ | ६७ | ३८ | ८७ | २१० | १२३५१ |
| जेष्ठ | ८८०३ | ८८६ | १८५९ | ५४७ | ७९ | १०९ | ४५ | १६९ | १२४९७ |
| जम्मा | ८७६५४ | १२६२४ | ९०६३ | ५५५६ | ७५३ | २७७६ | ११०३ | २१४४ | १२१६७३ |
| वार्षिक लक्ष्य | ११६४८१ | १३५०० | १४५०० | ८४०० | ९०० | ३८०० | २०६० | २६१८ | १६२२५९ |
| प्रगति % | ७५.३% | ९३.५% | ६२.५% | ६६.१% | ८३.७% | ७३.१% | ५३.५% | ८१.९% | ७५.०% |

*स्रोतः-प्रदेश लेखा नियन्त्रक कार्यालय।*

(नोटः स्थानीय तहबाट प्राप्त राजस्व अन्तरगत दहत्तर बहत्तर शुल्क, मनोरञ्जन कर र विज्ञापन कर वापत प्रदेशलाई (४०%) प्राप्त हुने राजस्व रहेको छ।)